आज मिति २०८२ साल बैशाख ०४ गते सोमबारको दिन विहान ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८१/०८२ को तेह्रौ कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मतिले निर्णय पारित गरियो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन सम्सेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मन कुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | भद्र बहादुर राई | सदस्य | |
| १५ | ई सुजन श्रेष्ठ | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | |

प्रस्तावहरुः

१. समीक्षा सम्बन्धमा ।
२. राष्ट्रपति महिला उत्थान जीजिकोपार्जन सुधार कार्यक्रम सम्बन्धमा ।
३. शिक्षण र अनुगमनमा ICT को प्रयोगका लागि रकम बिनियोजन सम्बन्धमामा ।
४. योजना तथा कार्यक्रम माग सम्बन्धमा ।
५. चालु आ.व. को योजना प्रगती विवरण सम्बन्धमा ।
६. रकम भुक्तान सम्बन्धमा ।
७. संस्था दर्ता सम्बन्धमा ।
८. राष्ट्रिय परिचयपत्र शिविर सञ्चालन सम्बन्धमा ।
९. योजना माग गर्ने सम्बन्धमा ।
१०. कर उठाउने सम्बन्धमा ।

## निर्णयहरु:

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१ साल चैत्र १४ गते बसेको बाह्रौ कार्यपालिका बैठकले गरेका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको सर्वसम्मत निर्णय पारित गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सिंहदरबार काठमाण्डौबाट राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७७ बमोजिम आ.व. ०८१/ ०८२ मा राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यक्रममा रु.८९००००।- प्राप्त भएको र सो रकमबाट सिलीचोङ गाउँपालिका भित्रका सबै वडाबाट ५-५ जनाको दरले होम स्टे सञ्चालन सम्बन्धी तालिमका लागि सँस्था छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा शिक्षा बिकास निर्देशनालय कोशी प्रदेश धनकुटाको योजना तथा कार्यक्रम शाखाको चं. नं. ५५७ पत्र मिति २०८१।१२।२६ गतेको पत्र बमोजिम सिलीचोङ गाउँपालिका वडा नं. २ बाला स्थित श्री बाला माध्यमिक बिद्यालयलाई शिक्षण र अनुगमनमा ICT प्रयोगका लागि व्यवस्थापन कार्यक्रममा छनौट भएको र उक्त कार्यक्रम कार्यन्वयनमा साँझेदारीमा लगानी गर्नु पर्ने भएकोमा जम्मा रकम रु.८५००००।– (अक्षरेपी आठ लाख पचास हजार रुपैया) को स्थानीय तहको १५ प्रतिशतले हुन आउने रकम रु. १२७५००।– (एक लाख सत्ताईस हजार पाँच रुपैया मात्र) सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग साझेदारी कोष मार्फत खर्च हुने गरी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

### निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका भित्र अति आवश्यक भौतिक पुर्वाधार निर्माण आयोजना तथा आय आर्जनमा संभावना भएका तपशिलका कार्यक्रमहरु भारतीय राजदुतावासले सञ्चालन गर्ने उच्च प्रभाव युक्त सामुदायिक बिकास परियोजना (HICDPs) योजना तथा कार्यक्रमहरु, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | वडा | कैफियत |
|---|---|---|---|
| १ | श्री बाला याम्दाङ मा.बि. भौतिक निर्माण योजना | वडा नं.२ | |
| २ | श्री बाला मा.बि. भौतिक निर्माण योजना | वडा नं.२ | |
| ३ | श्री जिवन ज्योती मा.बि. भौतिक निर्माण योजना | वडा नं.४ | |

| | | | |
|---|---|---|---|
| ४ | सिलीचोङ वहुपर्यटन सडक निर्माण योजना | **पालिका भित्र** | |
| ५ | पालिका स्तरीय फोहोर व्यवस्थापन योजना | वडा नं.३ | |
| ६ | श्री माहेश्वारी मा.बि. भौतिक निर्माण योजना | वडा नं.५ | |
| ७ | बृहत अदुवा खेती | सबै वडाहरु | |
| ८ | बृहत अलैची खेती | सबै वडाहरु | |
| ९ | बृहत अकबरे खुर्सानी खेती | सबै वडाहरु | |
| १० | सितभण्डार निर्माण योजना | वडा नं.३ | |
| ११ | बृहत सुन्तला खेती | सबै वडाहरु | |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका भित्र आ.व. ०८१/०८२ मा बिनियोजित योजनाहरु समयमै सम्पन्न गर्न निर्माण कम्पनी तथा उपभोक्ता समितिहरुलाई आ आफ्नो वडा क्षेत्रहरुबाट ताकेता गर्ने र संझौता हुन बाँकी योजनाहरु तत्काल संझौता गरि कार्यन्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. २ र ३ स्थित सिसुवाखोलामा निर्णाधिन NCB-SRM-BRIDGE-079/080 सिसुवाखोला मोटरेवलपुल निर्माण योजनाको योजना निर्माणको भौतिक प्रगती तथा प्रबिधिक मुल्यांकनको आधारमा प्रथम रनिङ बिल वापतको रकम रु.११०४७३२७.०१ (भ्याट सहित) निर्माण कम्पनी श्री अमर कुन्सालिङ जे.भि. भोजपुरलाई भुक्तान दिनु पर्नेमा आ.व. ०७९/०८० मा श्रोत अभावका कारण रु.१०६५४५३२।- (भ्याट सहित) भुक्तान गरिएको र बाँकी रकम रु.३९२७९५।– भुक्तान गर्न बाँकी भएको हुदाँ उक्त बाँकी रकम निर्माण कम्पनीलाई सम्बन्धित खर्च शिर्षकबाट भुक्तान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं.२ प्रधान कार्यालय रहेको श्री बेथेस्दा प्रार्थना समाजले बैधानिक रुपमा गाउँपालिकामा दर्ता भई कार्यक्रम सञ्चालनका लागि आवश्यक कागजात सहित निबेदन दिएको हुदाँ उक्त संस्थालाई यस पालिकाकाको संस्था दर्ता ऐन २०७८ बमोजिम संस्था दर्ता गर्ने सर्वसम्मत निर्णय गिरयो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालयलाई राष्ट्रिय परिचयपत्र वितरण लगायतका बिभिन्न कार्य सम्बन्धी शिविर सञ्चालन गर्न अनुरोध गरि तपशिलका वडाहरुमा शिविर सञ्चालन गर्ने र उक्त शिबिरमा खटी आउने कर्मचारीहरुलाई खान बस्नका लागि गाउँपालिकाले ब्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो।

## तपशिल

| क्र.सं. | स्थान | कैफियत |
|---|---|---|
| १ | वडा नं.५ (वडा कार्यालय) | वडा नं.४ र ५ |
| २ | वडा नं.३ (वडा कार्यालय) | वडा नं.३ र ५ |
| ३ | वडा नं.२ (बुधबारे, बाला) | वडा नं.१ र २ |

### निर्णय नं. ९

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. ५ र साल्पासिलीछो गाउँपालिका वडा नं. १ स्थित सहखुवादोभानमा तटबन्ध निर्माण योजना संझौता तथा गाउँपालिकाको लागि आवश्यक भौतिक पुर्वाधार सम्बन्धी योजना, कार्यक्रमहरु माग गर्न बिभिन्न मन्त्रालय, बिभाग, कार्यालय तथा संघ संस्थाहरु संग माग गर्न पालिका अध्यक्ष श्री भुपाल राज राई र वडान नं. ४का वडा अध्यक्ष श्री देबेन्द्र राईलाई संघीय राजधानी काठमाण्डौ गई योजना माग गर्ने सर्वसम्मत निर्णय गरीयो /

### निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाले आ.व. ०८१/०८२ को आर्थिक ऐनमा तोकेका करहरु उठाउन लगाउने, उक्त कर उठाउन वडाले तोकेका स्थान तथा ब्यक्तिहरुलाई कर बुझाउनु पर्ने र उक्त कर उठाए वापत पालिकाले राजश्व परिचालन तथा प्रोत्साहन खर्च शिर्षकबाट उठाएको करको २५ प्रतिशत प्रोत्साहन स्वरुप रकम प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।